# gjfM :²foQ /fð dsf+M ;3i †;ldlt

# नेवाः स्वायत्त राज्य - (मंकाः) संयुक्त संघर्ष समिति

## **Joint Action Committee for Newa Autonomous State**

राजनीतिक अवधारणा

११२९ थिंलागाः १

काठमाडौं, नेपाल ।

## संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका लागि नेवार

आफ्नो विशिष्ट जातीय पहिचानको आधारमा स्वायत्त शासनको अधिकार प्राप्ति सम्पूर्ण नेवारहरुको वर्तमान साझा आकांक्षा हो। राज्य पुनःसंरचनाका क्रममा जातीय, भाषिक, क्षेत्रीय स्वायत्तताका आधारमा विभिन्न राज्यहरु निर्माण गरिंदा नेवारहरुका लागि बेग्लै स्वायत्त नेवाः राज्य खडा गरिने कुरा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको लक्षकै रुपमा संवोधन गरिनु पर्दछ।

नेवार नेपालका विभिन्न आदिवासीहरु मध्ये धेरै जनसंख्या र लामो इतिहास भएका समुदायहरु मध्ये एक हुन। सम्बृद्ध कला, संस्कृति, भाषा, साहित्य, सम्पदाको माध्यमबाट मुलुकभित्र र अन्तरराष्ट्रिय जगतमा आफ्नो विशिष्ट पहिचान स्थापित गर्दै आइरहेका नेवार समुदाय मानवशास्त्रीय दृष्टिकोणबाट एउटा राष्ट्र (Nation) कै रुपमा विकसित नेपालको समुदाय हुन। वर्तमान नेपालको निर्माणका सन्दर्भमा नेवारहरुका तर्फबाट ऐतिहासिक कालक्रमदेखि निकै महत्वपूर्ण योगदानहरु पुऱ्याउँदै आइरहेका छन्। त्यस्तै देसमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ, समानता तथा स्वतन्त्रताका अधिकार प्राप्ति र न्यायपूर्ण समाज निर्माणका लागि विभिन्न समयमा भएका शान्तिपूर्ण तथा सशस्त्र विद्रोहमा नेवारहरुले अग्रणी स्थानमा रहँदै आफ्नो सहभागिता जनाउँदै आइरहेका छन्। आत्मनिर्णयको अधिकारको आधारमा आफ्नो ऐतिहासिक भूमिमा राजनीतिक तह र नीति निर्माण गरिने स्थानमा आफैले नेतृत्व गर्न पाउने अग्राधिकार संवैधानिक रुपमा प्रत्याभूत गरिने मुद्दा नै नेवारहरुले आजसम्म अगाडि उठाउँदै आएका संघर्षका मूल उद्देश्य हुन। संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल अन्तर्गत जातीय स्वायत्तताका मान्यतामा नेवाः स्वायत्त राज्य खडा हुनु नै नेवारहरुले यसरी लामो समयदेखि सामूहिक रुपमा उठाउँदै आइरहेका आवाजको व्यवहारिक कार्यान्वयन हो। वास्तवमा यस प्रकारको संवैधानिक प्रयास आदिवासी नेवार समुदायको साझा पहिचानको संरक्षणका लागि गरिने एउटा लोकतान्त्रिक उपाय ठहरिने छ। यस अतिरिक्त यो विगतमा सदियौंदेखि राज्यसत्ताद्वारा भाषिक, सांस्कृतिक र धार्मिक आधारमा उत्पीडनमा पारिएका नेवारहरुका समुदायगत मुक्तिसंग गांसिएको महत्वपूर्ण सवाल पनि हो।

**नेवाः स्वायत्त राज्यको औचित्य**

नेवारहरुले भाषिक र सांस्कृतिक दृष्टिकोणबाट मात्र आफ्नो बेग्लै पहिचान स्थापित गर्दै आइरहेका होइनन् राज्य संचालनका क्रममा समेत आफ्नो स्वतन्त्र अस्तित्व कायम गर्दै आइरहेका हुन। प्राचीनकालदेखि नेवारहरु आफ्नो छुट्टै राजनीतिक सीमाभित्र बसोबास गर्दै आइरहेका थिए। उक्त सीमाभित्र उनीहरुले स्वतन्त्र तरिकाबाट आफ्नो राज्यसत्ता पनि संचालन गर्दै आइरहेका पाइन्छ। लिच्छिबी कालदेखि मल्लकालको पछिल्लो समयसम्म नेपालको इतिहासमा जुन सरहदलाई नेपाः/नेपाल/नेपालमण्डलको रुपमा संवोधन गरिन्थ्यो त्यही नै वास्तवमा विगतको नेवाः राज्य थियो। सम्पूर्ण इतिहासकारहरु एकमत भई यस यथार्थ कुरा स्विकार्द छन् पनि। गोरखा राज्य विस्तार हुनु अगाडिसम्म उपत्यकाका मल्ल राजाहरुका राज्य सीमाना वर्तमान मध्यमाञ्चलको बाह्र जिल्लाका विभिन्न नगर र गाबिससम्म विस्तारित थियो भन्ने कुराको पनि ऐतिहासिक प्रमाणहरु भेटिन्छन्। तसर्थ, बेग्लै पहिचान सहित आफ्नै स्वायत्त राज्य निर्माणको पक्षमा देखिएका नेवारहरुको वर्तमान आकांक्षा र विगतका इतिहासद्वारा स्थापित गरिएका यावत आधारहरुबाट नेवाः स्वायत्त राज्य निर्माणको मागलाई पूर्णतया न्यायोचित सावित गर्छ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको अन्तरिम संविधानद्वारा सम्पूर्ण नेपाली जनतालाई पूर्णतः सार्वभौम बनाइसकेको हालको अवस्थामा जनतामा निहित यस सार्वभौम अधिकार नेवारहरुले पनि निर्वाध तरिकाबाट उपभोग गर्न पाउनु पर्दछ। अर्थात, आफ्नो लागि आफैले आफ्नो ऐतिहासिक भूमिमा

आफ्नो रोजाइको राजनीतिक प्रणाली, आर्थिक, सामाजिक तथा सांस्कृतिक मामिलाका सम्बन्धमा निर्णय र कार्यान्वयन गर्न पाउनु सार्वभौम नेवारहरुको संवैधानिक अधिकार बन्छ। साथै नेपालको अन्तरिम संविधानद्वारा राज्यको पुनःसंरचना स्वायत्तता सहितको संघीय आधारमा हुने कुरा निधो गरिसकेको हालको अवस्थामा नेवारहरुका लागि नेवाः स्वायत्त राज्य निर्माण गरिनु राज्यकै एउटा महत्वपूर्ण राजनीतिक दायीत्व हुन आउँछ।

अन्तरिम ब्यवस्थापिका संसदद्वारा २००७ सेप्टेम्बर १४ तारीखका दिन अनुमोदन गरिसके पछि हाल कार्यान्वयनको चरणमा रहेको तथा नेपालको कानून सरह लागू गरिनु पर्ने **अन्तरराष्ट्रिय श्रम संगठन-महासन्धी १६९**ले आदिवासीहरुका लागि आफ्नो ऐतिहासिक भूमिमा आफ्नै अनुकुल आफैले राज्य संचालन गर्न पाउने अग्राधिकार सुनिश्चित गरिएको आधारमा नेवारहरुको आदिभूमि नेपालमण्डल सीमा भित्रको स्थानमा नेवाः स्वायत्त राज्य स्थापना गर्न पाउनु नेवारहरुको आधारभूत अधिकार बन्न आउँछ। त्यस्तै नेपाल सरकारद्वारा समर्थित **आदिवासी अधिकारसम्वन्धी राष्ट्र संघीय घोषणापत्र**को सिद्धान्त र मान्यता अनुसार पनि आदिवासीहरुलाई आ-आफ्नो ऐतिहासिक भूमिमा राजनीतिक स्वायत्तता र स्वशासनको अधिकार प्रयोग गर्न पाउने कुरा सुस्पष्ट रुपमा प्रत्याभूत गरिएकोले पनि नेपालमण्डलका आदिवासी नेवारहरुले यहाँ आफ्नो नेवाः स्वायत्त राज्य संचालन गर्न पाउनु पर्ने हुन्छ। त्यसै घोषणापत्रले सबै आदिवासी समुदायलाई आ-आफ्नो विशिष्ट पहिचानका आधारमा आफ्नो स्वायत्त राज्य खडा गर्न पाउने कुराको निधो गरिएबाट पनि नेवाः स्वायत्त राज्य यथार्थमा जातीय र भाषिक पहिचानकै आधारमा हुनुपर्ने कुरा समेत त्यतिकै स्पष्ट गर्दछ।

**नेवाः स्वायत्त राज्य र संघीय नेपालः**

नेवाः स्वायत्त राज्यको स्थापना संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको एउटा राजनीतिक प्रक्रिया हो। स्वायत्त राज्यहरु सुदृढ र सबल भएमा मात्र संघीय नेपालको केन्द्रीय सत्ता पनि त्यतिकै बलियो बन्छ त्यस्तै मजबुत केन्द्रीय सत्ताको आधारशिला तयार हुनसकेमा स्वायत्त राज्यहरुका लागि संरक्षकत्व प्राप्त भइ कुनै खालको कमि तथा अभावको श्रृजना हुँदैन। समानता, स्वतन्त्रता र स्वायत्तताको व्यवस्थाबाट नेपाल जस्तो भाषिक, सांस्कृतिक, सामाजिक र धार्मिक वहुलतायुक्त देसमा सबै समुदाय तथा क्षेत्रलाई आत्मसम्मान र आत्मगौरवको अनुभुव गर्ने सुअवसर प्राप्त हुनेछ, साथै यसले सामाजिक सदभाव सुदृढ भइ राष्ट्रिय एकता मजबुत पार्दछ। नेवाः स्वायत्त राज्य स्थापनाको चाहना भनेको ब्यवहारिक अर्थमा देसको राजनीतिक प्रक्रियालाई जनसहभागिताका आधारमा लोकतान्त्रिकरण गर्ने एउटा अभ्यास हुने छ। साथै नेपालभित्र सामाजिक, सांस्कृतिक द्वन्दको अबस्था सदाका लागि अन्त्य गर्दै नेपाल भन्नु सबैको साझा मुलुक हो भन्ने भावनाको विकास गर्ने यो एक उत्तम उपाय पनि हुन आँउछ। नीति निर्माण र विकासका काममा यसले जनतालाई प्रत्यक्ष र सहज तरीकाबाट सहभागी बन्ने अवसर प्राप्त हुने भएकोले राष्ट्रलाई द्रुत गतिमा आर्थिक प्रगति तथा सम्वृद्धिको बाटोमा अग्रसर गराई नयाँ नेपाल निर्माणमा सही अर्थमा टेवा पुचाउने छन।

संघीय नेपालको केन्द्रीय सत्तामा अन्य राज्यहरुबाट जस्तै समानताका आधारमा नेवाः स्वायत्त राज्यबाट पनि समान प्रतिनिधित्व गरिनेछ। साथै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको केन्द्रीय सत्ता सफलतापूर्वक सहज रुपमा संचालन होस भनेर नेवाः स्वायत्त राज्यका तर्फबाट त्यतिकै जिम्मेवारीपूर्वक आफ्नो सम्पूर्ण दायीत्व र कर्तब्य निर्वाह गरिने छ।

यसका साथसाथै मोफसलमा रहेका सबै नेवार समुदायका हक, अधिकार प्राप्ति र संरक्षणका क्रममा नेवाः स्वायत्त राज्यले मूल संरक्षकको भूमिका निर्वाह गर्ने छ। त्यस्तै नेपालभित्र जुन जुन नगरीय वा ग्रामिण स्तरीय इलाकाहरुमा नेवारहरुको वाहुल्यतायुक्त बस्तीहरु छन् त्यस्ता इलाकाका

सम्बन्धमा सम्बन्धित राज्यसंग वार्ता गरी नेवारहरुका लागि उप-स्वायत्त शासनको अधिकार दिलाउन समेत नेवाः स्वायत्त राज्यले आवश्यकता अनुसार प्रयत्न गर्ने छ ।

**केन्द्र र नेवाः स्वायत्त राज्यको सम्बन्ध**

केन्दसंग नेवाः स्वायत्त राज्यको सम्वन्ध पूर्ण स्वायत्तताको मान्यतामा आधारित हुने छन । रक्षा, परराष्ट्र र मुद्राको मामिलामा वाहेक अन्य सम्पूर्ण बिषयमा नेवाः स्वायत्त राज्यभित्र आफ्नै राज्य सरकारद्वारा स्वतन्त्रपूर्वक आवश्यक कानून निर्माण, नीति अनुसरण गर्दै काम अगाडी बढाउनेछ। यस्तोमा केन्द्रबाट हुने कुनै प्रकारको हस्तक्षेप स्विकार्य हुने छैन। त्यस्तै आदिवासी अग्राधिकारको मान्यता अनुसार नेवाः स्वायत्त राज्यभित्रका सम्पूर्ण जल, जमिन, जङ्गल र प्राकृतिक श्रोतमा नेवाहरुको अग्राधिकार रहनेछ ।

नेवाः स्वायत्त राज्यको अन्य राज्यहरुसंगको सम्बन्धमा कुनै विवाद श्रृजना भएमा वा कुनै समस्या उत्पन्न भएमा त्यसको समाधानका लागि केन्द्रद्वारा संवैधानिक परिधिभित्र रही मध्यस्थता र सहजिकरणका लागि आवश्यक भूमिका निभाउने छ ।

**अल्पसंख्यक अधिकाकरको संरक्षण र समावेशीकरण**

नेवाः स्वायत्त राज्य स्थापना नेवार समुदायको राजनीतिक सशक्तिकरणको मूल उपाय हो । तर, नेवार पहिचानका आधारमा खडा गरिने नेवाः स्वायत्त राज्य नेवार एकल जातिको मात्र राज्य भन्ने बन्ने छैन । गैरनेवारहरु प्रति उनीहरुका भाषिक, जातिय, सांस्कृतिक, धार्मिक पहिचान र परम्पराका आधारमा भेदभावपूर्ण ब्यवहार गर्ने तथा उत्पीडनका साधनका रुपमा नेवाः स्वायत्त राज्य कुनै पनि स्थितिमा प्रयोग हुने छैन । बरु नेवारहरुले जस्तै स्वायत्तता, स्वतन्त्रता र समानताका अधिकार प्रयोग गर्दै आ-आफ्नो ऐतिहासिक थलोमा नेपालका सम्पूर्ण आदिवासीहरुले पनि आफ्नो पहिचानको आधारमा राजनीतिक नेतृत्व गर्न पाउनु पर्दछ भन्ने कुरामा ऐक्यवद्धता जाहेर गर्नुमा नेवाः स्वायत्त राज्यले आफ्नो नैतिक दायीत्व ठान्छ। अन्य भाषा, जाति, संस्कृति प्रति सम्मान र सदभाव नेवाः स्वायत्त राज्यको विशेष नीति हुनेछ। अन्तरराष्ट्रिय मानवअधिकारका प्रावधान, अल्पसंख्यक अधिकारको मूल्य तथा मान्यताभित्र रही नेपाः स्वायत्त राज्य अन्तर्गतका सबै गैरनेवारहरुका मौलिक अधिकारको सुनिश्चित गरिनेछ। साथै जनसंख्याका अनुपातमा नीति निर्माणका सबै तहमा उनीहरुको प्रतिनिधित्व र सहभागिताको विशेष ब्यवस्था हुनेछ। संभाब्यता तथा आवश्यकताका आधारमा गैरनेवार समुदायका लागि गाविस वा इलाकीय स्तरमा नेवाः स्वायत्त राज्यभित्र स्वशासित इलाकाको समेत अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

नेवार समाज आफैमा विभिन्न जात, धर्म, संस्कृति र परम्परायुक्त समुदाय भएकोले नेवाः स्वायत्त राज्यभित्र कुनै प्रकारबाट कोही पनि वहिष्करणमा नपरुन भनी समावेशी सिद्धान्तलाई ब्यवहारमा अनुसरण गर्ने काम गम्भीर रुपमा अगाडी बढाइने छ । साथै ऐतिहासिकालदेखि पछाडि पारिएका नेवार समुदायभित्रका विशेष जात समूहका मानिसहरुलाई नीति निर्माण तहमा उचित प्रतिनिधित्व गराउन र उनीहरुको सामाजिक, आर्थिक, शैक्षिक विकासका लागि आबश्यक विशेष ब्यवस्था गरिने छ ।

**मानव अधिकारको पालना तथा विधिको शासन**

राज्यको निर्देशक सिद्धान्तको रुपमा विश्वब्यापि मानव अधिकारका मूल्य र मान्यताको अनुसरण गर्दै निर्वाचित ब्यवस्थापिका, कार्यपालिका तथा स्वतन्त्र न्यायपालिका नेवाः स्वायत्त राज्यभित्र रहने छन् । नागरिकका आधारभूत स्वतन्त्रताको प्रत्याभूति, स्वतन्त्र प्रेस, दलीय प्रतिस्पर्धा तथा विधिको शासनलाई राज्य संचालनका मूल विशेषताका रुपमा अंगिकार गरिनेछ। त्यस्तै नेपाल राज्य पक्ष रहेका सबै अन्तरराष्ट्रिय महासन्धी र घोषणापत्रका प्रावधान र भावना अनुसार नेवाः स्वायत्त राज्यका

गतिविधहरु अगाडी बढाइने छन्। द्वन्द्वविहिनताको स्थितिको पूर्णतया अन्त्य गर्दै राज्यका सबै काम कारवाहीलाई पारदर्शि ढङ्गबाट संचालन गरिनेछ ।

**लोककल्याणकारी राज्य र सामाजिक न्याय**

सामाजिक न्यायका सिद्धान्तलाई आदर्शको रुपमा कार्यान्वयन गर्दै विपन्न, श्रमिक, किसान तथा पछाडी पारिएका वर्गलाई सबै क्षेत्रमा अगाडी बढाउनका लागि समतावादी वितरण प्रणाली तथा सामाजिक न्याय व्यवहारमा नेवाः स्वायत्त राज्यले लागू गर्नेछ। साथै वर्गीय, सामाजिक, सांस्कृतिक तथा अन्य आधारमा मानिसले मानिसमाथी गरिने सबै खाले शोषणको अन्त्य नेवाः स्वायत्त राज्यको एक प्रमुख लक्ष हुनेछ।

**नेवाः स्वायत्त राज्य - संयुक्त संघर्ष समिति**

सबै नेवारहरुको साझा आकांक्षाको रुपमा रहेको नेवाः स्वायत्त राज्य स्थापना र त्यसलाई स्थायीत्व दिने तथा सफलतापूर्वक संचालन गर्ने उद्देश्य प्राप्तिका लागि नेवाः स्वायत्त राज्य-साझा संघर्ष समितिमा हामी सम्पूर्ण नेवारहरु ऐक्यवद्ध र संयुक्त भइ अगाडी बढनमा प्रतिवद्धता जाहेर गर्दछौं। संविधानसभाको माध्यमबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान निर्माण गरिकन राज्यको पुनःसंरचनाका लागि प्रयत्न भइरहेको हालको समयमा नेवाः स्वायत्त राज्यको साझा उद्देश्य प्राप्तिका लागि यस संयुक्त संघर्ष समितिद्वारा वैधानिक एवं शान्तिपूर्ण ढङ्गबाट समय अनुसार आवश्यक र अनुकुल सबै उपाय अबलम्बन गरिनेछ। साथै यस अवधारणा अनुसारको उद्देश्य र लक्ष प्राप्तिका लागि संयुक्त भइ लाग्नमा तत्पर कुनै पनि राजनीतिक दलका भातृ संगठनहरु तथा नेवाः स्वायत्त राज्यका पक्षधर नेवार संघ संस्थाहरु यस संघर्ष समितिमा कुनै पनि समयमा समावेश हुन सकिनेछन्।

दिल बहादुर श्रेष्ठ
अध्यक्ष
नेवाः मुक्ति मंकाः दबू

हितमान शाक्य
अध्यक्ष
नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः

मल्ल के. सुन्दर
अध्यक्ष
नेवाः देय् दबू

नरेन्द्र भक्त हाडा
अध्यक्ष
नेवाः देय् गुथि-नेपालमण्डल

सानु राजा शाक्य
अध्यक्ष

नेपाल लोकतान्त्रिक नेवाः संघ

सुजिव बज्राचार्य
संयोजक
नेवाः जागरण मञ्च

नरेशवीर शाक्य
संयोजक
नेपाः राष्ट्रिय ल्याय्म्ह न्ह्यलुवाः

उर्मिला डंगोल
केन्द्रीय कोषाध्यक्ष
ज्यापु महागुथि

**नेवाः स्वायत्त राज्य - संयुक्त संघर्ष समिति**
११२९ थिंलागाः १

***** <u>अन्तरराष्ट्रिय मानवअधिकारसम्बन्धी कानून</u>

- राजनीतिक र नागरिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय महासन्धी
- आर्थिक सामाजिक र  सांस्कृतिक  अधिकारसम्बन्धी अन्तरराष्ट्रिय महासन्धी
- सबै प्रकारका जातीय भेदभाव उन्मुलनसम्बन्धी अन्तरराष्ट्रिय महासन्धी
- मानवअधिकारसम्बन्धी भियना घोषणा र कार्य योजना
- बाल अधिकारसम्बन्धी विश्व घोषणापत्र
- महिला विरुद्ध  सबै प्रकारका हिंसा विरुद्धको महासन्धी
- अन्तरराष्ट्रिय श्रम संगठन महासन्धी - १६९
- आदिवासी अधिकारसम्बन्धी विश्व घोषणापत्र
- जेनेभा महासन्धी